५

श्री सम्मानित सर्वोच्च अदालतमा चढाएको

**लिखित-जवाफ**

बिषयः- **बिपक्षीको रिट निवेदन खारेज गरी पाउँ ।**

| | |
|---|---|
| ललितपुर महानगरपालिकाको कार्यालय पुल्चोक ....................................१<br>ललितपुर महानगरपालिका वडा नं. १६ को कार्यालय ....................................१<br>समेतको तर्फबाट मुद्दा गर्न अख्तियार प्राप्त ऐ.का प्रमुख बर्ष ६३ को **चिरी बाबु महर्जनको** वा.ल.पु.म.न.पा. वडा नं. १० घर भई ऐ. कार्यालमा कार्यरत कर्मचारी वर्ष २३ की **ममता श्रेष्ठ** ....................................१ | लिखित जवाफकर्ता प्रत्यर्थी |

**बिरुद्ध**

| | |
|---|---|
| ल.पु.जि. ललितपुर महानगरपालिका वडा नं. १६ पतको टोल बस्ने बर्ष २२ की रुक्शना कपाली ....................................१ | रिट निवेदक बिपक्षी |

मुद्दाः- उत्प्रेषणयुक्त परमादेश । ०७७-WO-०९७३

उपरोक्त बिपक्षीले यस कार्यालय उपर समेत दायर गर्नु भएको मुद्दामा यस सम्मानित अदालतबाट जारी भइ आएको १५ दिने म्याद मिति २०७८।०१।०९ मा तामेल भएकोमा म्याद भित्रै लिखित जवाफ फिराउनु पर्नेमा कोभिड दोश्रो लहरका कारण अदालत समेत बन्दाबन्दी भइ यस सम्मानित सर्वोच्च अदालतको वृहद पूर्ण इजलासबाट मिति २०७७।०२।१५ मा भएको आदेशानुसार मिति २०७८।०४।०१ को सूचना बमोजिम म्याद भित्रै लिखित जवाफ पेश गरेको छु ।

१. विपक्षीले रिट निवेदनमा लिएका जिकीर सोही निवेदन बाट अवगत हुने हुँदा सो तर्फ केही उल्लेख गरीएको छैन । रिट निवेदन खण्डन गर्दै यो लिखित जवाफ पेश गरेको छु ।

२. प्रथमतः ललितपुर महानगरपालिका कार्यालय एक स्थानीय सरकार संचालन ऐन २०७४ को प्रस्तावना मा उल्लेखित भए बमोजिम गठन भएको स्थानीय सरकार हो । यस निकाय द्वारा गरीने कार्यले कुनै व्यक्ति विशेषलाई उच्च प्राथमिकतामा राख्ने र कुनै लाई ऐन द्वारा प्रदान गरीएको हक अधिकारमा बन्चित हुने कार्य गरेको अवस्था छैन । बिपक्षीको सन्दर्भमा यस ललितपुर महानगरपालिकाबाट जन्म दर्तामा संशोधन गरी दिएको कुरा स्वीकार गर्नु भएको छ । तर निवेदकको माग दावी जन्म दर्ता प्रमाणपत्रमा लैङ्गिक बिवरण सच्चाइ पाउँ भन्ने रहेकोमा यी निवेदकले एक पटक संशोधित जन्म दर्ता प्रमाणपत्र प्राप्त गरी सके पश्चात पुनः लैङ्गिक बिवरण सच्चाइ पाउँ भनी दोश्रो पटक निवेदन माग गरेकी थिइन । स्थानीय सरकार संचालन ऐन २०७४ ले जन्म दर्ता सच्चाउन पाउने व्यवस्था गरेको छैन । केवल जन्म दर्ता सम्म गर्न पाउने अधिकार प्रदान गरीएको छ । यस अवस्थामा बिपक्षीले रिट निवेदनमा उल्लेख गर्नु भए बमोजिम निजको जन्म दर्ता एक पटक संशोधन गरीदिएको कुरालाइ स्वीकारनै गर्नु भएको छ । यस अवस्थामा विपक्षीको कानूनी एवं संवैधानिक हकमा आघात हुने कार्य नभएकोले बिपक्षीको रिट निवेदन खारेज गरी पाउँ ।

३. वस्तुतः रिट निवेदकले आफ्नो निवेदनमा कक्षा ८ देखिकै प्रमाणपत्रहरु संशोधन माग गर्नु भएको । यी निवेदक आफैले साविकमा एउटा नाम पहिचान उल्लेख गरी शैक्षिक प्रमाणपत्र प्राप्त गरी सोही आधारमा नागरीकता प्रमाणपत्र समेत बनाइ आएको र हाल यस महानगरपालिका र वडा कार्यालयमा जन्म दर्ता सच्चाइ पाउँ भनी निवेदन दिनु भएकै आधारमा यस कार्यालय र वडा कार्यालय समेतबाट कानून बमोजिम निवेदन माग दावी अनुसार लैङ्गिक विवरण सच्चाउन नमिल्ने हुँदा नै कार्यवाही नभएको सम्म हो । निवेदकले अन्य निकायहरु बाट प्राप्त गर्नु भएका प्रमाणपत्रहरुमा संशोधन गरेर ल्याउनु भएका खण्डमा कानून बमोजिम यस कार्यालयबाट जारी भएको जन्म दर्ता सच्याउन सकिने नै छ ।

४. निवेदक आफैले साविक देखि नै यस कार्यालय एवं अन्य निकायहरुमा समेत दर्ता गर्नु भएको कागजातहरुमा फरक फरक व्यहोरा उल्लेख गर्नु भएको थियो । यसै क्रममा वडा नं १६ को कार्यालयमा स्वयं उपस्थित भइ २ वटा नाम गरेको एकै व्यक्ति हो भनी मिति २०७२।०५।२३ मा नै सिफारीस प्राप्त गर्नु भएको कुरा स्वीकार गरी रहनु भएको अवस्थामा निजको संविधान एवं कानून प्रदत्त मौलिकहरुमा आघात हुने कार्य यस कार्यालयबाट नभएको साथै निवेदक आफैले माग गरे अनुसार बिभिन्न सिफारीस प्रदान गर्दै आएको हुँदा हाल उक्त सिफारीस समेत उत्प्रेषणको आदेशले बदर गरी पाउँ भनी माग दावी लिनु भएकोले एक पटक निवेदक आफैले सिफारीस लिने र आफ्नो अनुकुल अनुसार पटक पटक त्रुटी सच्चाइ पाउँ भन्ने कार्य कहाँ सम्म कानूनतः मिल्ने हो निवेदक आफैले जानुन, तर हाल उक्त बिपक्षीले प्राप्त गर्नु भएको सिफारीस समेत उत्प्रेषणको आदेशले बदर गरी पाउँ भनी दावी लिनु भएको अवस्थामा सो सिफारीस बदर हुदैमा वा सदर नै रहेको अवस्थामा समेत निजको मौलिक हकमा आघात नहुने हुँदा बिपक्षीको रिट निवेदन खारेज गरी पाउँ ।

५. अतः माथिका प्रकरणहरुमा लेखिए बमोजिम यस कार्यालयबाट बिपक्षीको संविधान प्रदत्त हक एवं कानूनी हकमा आघात पुर्याएको अवस्था नभएकाले बिपक्षीको निवेदन कार्यालयको हकमा खारेज नै गरी पाउँ ।

६. यो लिखित जवाफ दर्ता गर्न हाल कानून व्यवसायी मुकरर गरेको छैन, पछि यस कार्यालयको तर्फबाट उपस्थित हुनु हुने कानून व्यवसायीको बहस बुँदालाई यसै को अभिन्न अंग मानी पाउँ ।

७. प्रस्तुत लिखित जवाफ दर्ता गर्न लाग्ने दस्तुर यसै साथ दाखिल गरिएको छ ।

८. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ । झुट्टा ठहरे कानून बमोजिम सहला बुझाउला ।

लिखित जवाफ प्रस्तुतकर्ता
निज वा.ममता श्रेष्ठ

इति संम्वत २०७८ साल भाद्र महिना१५ गते रोज ०१ शुभम .................................